फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
खाङसाङ, सिन्धुली

वैठक संख्याः- आ.व. ०८२/०८३- ०९

मितिः-२०८२/१०/२३ गते

फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारज्यूको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | पद | नाम | हस्तक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | पार्वती सुनुवार | |
| २. | उपाध्यक्ष | राजु बराल | |
| ३. | १ नं. वडा अध्यक्ष | होम बहादुर सुनुवार | |
| ४. | २ नं. वडा अध्यक्ष | शंकर बहादुर भण्डारी | |
| ५. | ३ नं वडा अध्यक्ष | टेक बहादुर रजन मगर | |
| ६. | ४ नं. वडा अध्यक्ष | मोहन मगर | |
| ७. | ५ नं. वडा अध्यक्ष | बैकुण्ठलाल पहाडी | |
| ८. | ६ नं., वडा अध्यक्ष | कुलेन्द्र वहादुर मगर | |
| ९. | कार्यपालिका सदस्य | लिल बहादुर सुनुवार | |
| १० | कार्यपालिका सदस्य | पूर्णमाया थापा मगर | |
| ११. | कार्यपालिका सदस्य | टिकामाया विश्वकर्मा | |
| १२. | कार्यपालिका सदस्य | तारा विश्वकर्मा | |
| १३. | कार्यपालिका सदस्य | सावित्रा कुमारी थापा मगर | |
| १४. | कार्यपालिका सदस्य | मंगलादेवी तामाङ | |
| १५. | प्रमुख प्रशासकीय अधिकृत | डम्बरबहादुर रजनमगर | |

Scanned with CamScanner

प्रस्तावहरुः

(१) गत बैठकमा भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा
(२) संघीय समपुरक योजना माग सम्बन्धमा
(३) संघीय विशेष अनुदान माग सम्बन्धमा
(४) कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा
(५) प्रदेश समपुरक अनुदान माग सम्बन्धमा
(६) प्रदेश विशेष अनुदान माग सम्बन्धमा
(७) प्रशासकीय भवनको नाला मर्मत खर्च धरौटीबाट भुक्तानी गर्ने।
(८) प्रशासकीय भवनको गेट निर्माणको भुक्तानी गर्ने सम्बन्धमा
(९) गाउँपालिकाको प्रशासकीय भवनमा आवास तल्लामा स्टिल गेटको भुक्तानी गर्नेः
(१०) नवनिर्मित प्रशासकीय भवनबाट सेवा सुचारु सम्बन्धमा
(११) शिशिर ढकाल स्मृति यु १६ राष्ट्रिय रग्बी टि वान पुरुष तथा महिला प्रतियोगिता-२०२५ संचालन खर्च व्यवस्थापन सम्बन्धमाः
(१२) अध्यक्ष कप प्रतियोगिता २०८२ को भुक्तानी सम्बन्धमाः
(१३) गाउँपालिकाको ब्याकहो लोडर र ईन्धन प्रयोग गरी सडक निर्माण/मर्मत गर्ने।
(१४) भू-सेवा केन्द्र संचालन सम्बन्धमाः
(१५) अकबरे खुर्सानी प्रवर्द्धन कार्यक्रम सम्बन्धमा
(१६) कफी खेती प्रवर्धन कार्यक्रम सञ्चालन सम्बन्धमा
(१७) सीपमूलक तालिम लागत साझेदारी संचालन सम्बन्धमा
(१८) जिन्सी सामग्री हस्तानान्तरण गर्ने
(१९) लाभग्राही छनौट सम्बन्धमा
(२०) आर्थिक सहायता सम्बन्धमा
(२१) झगरे लिफ्ट सिंचाई तथा नदि नियन्त्रण आयोजनाको अन्तिम बिल सम्बन्धमा
(२२) वडा कार्यालय भवन मर्मतको लागि थप स्रोत सुनिश्चित गर्ने सम्बन्धमा

Scanned with CamScanner

**निर्णय नं. १. गत वैठकमा भएको निर्णयको कार्यान्वयनको समिक्षा सम्बन्धमा**

गत वैठकमा भएका निर्णय कार्यान्वयन लगायत कार्यालयबाट भएका पहिलो चौमासिक अवधिमा विकास निर्माण कार्य तथा सेवा प्रवाह विषयमा समिक्षा गरियो । आगमी दिनमा थप प्रभावकारी रुपले सेवा प्रवाह गर्न सबै वडा तथा शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २. संघीय समपुरक अनुदान माग सम्बन्धमा:**

समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ४ को उपदफा (२) मा व्यवस्था भए वमोजिम आ.व. ०८३/०८४ को लागि तपसिल वमोजिमका आयोजना/कार्यक्रम प्राथमिकीकरण सहित राष्ट्रिय योजना आयोगमा प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल:

| क.सं | विपय क्षेत्र | आयोजना/कार्यक्रम | कार्यान्वियन हुने स्थान | कुल लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडक पूर्वाधार | लुम्ती चनौटे महादेवडाँडा | फिक्कल १,२ र | ३ करोड | क्रमागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सडक स्तरोन्नती | ३ | | |
| २ | सडक पूर्वाधार | वहादुरा दोभान-महन्टार ढोडेनी सडक निर्माण | फिक्कल ६ | ७ करोड | नयाँ |
| ३ | सडक पूर्वाधार | निगुरे काफलचुरी सडक स्तरोन्नति | फिक्कल ३ | ७ करोड | नयाँ |

**निर्णय नं. ३. संघीय विशेष अनुदान माग सम्बन्धमाः**

विशेष अनुदान सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ४ को उपदफा (२) मा व्यवस्था भए वमोजिम आ.व. ०८३/०८४ को लागि तपसिल वमोजिमका आयोजना/कार्यक्रम प्राथमिकीकरण सहित राष्ट्रिय योजना आयोगमा प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं | विषय क्षेत्र | आयोजना/कार्यक्रम | कार्यान्वयन हुने स्थान | कुल लागत अनुमान |
|---|---|---|---|---|
| १ | सामाजिक विकास | पोषणमैत्री गाउँपालिका घोषणा कार्यक्रम | फिक्कल गाउँपालका | ३ करोड |
| २ | आर्थिक विकास | आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम | फिक्कल गाउँपालिका | ३ करोड |
| ३ | स्वास्थ्य | फिक्कल आधारभूत अस्पतालमा औजार उपकरण व्यवस्थापन | फिक्कल गाउँपालिका | ३ करोड |

**निर्णय नं. ४. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमाः**

तपसिल वमोजिम कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

१. फिक्कल गाउँपालिका वहुक्षेत्रीय पोषण कार्यक्रम संचालन कार्यविधि, २०८२

२. फिक्कल गाउँपालिका मातृ शिशु सुरक्षा कार्यविधि, २०८२

३. सामुदायिक विद्यालयमा अक्षयकोष स्थापना, संचालन र नियमन कार्यविधि, २०८२

४.फिक्कल गाउपालिका कृषि तथा पशुपन्छी सेवा केन्द्र संचालन कार्यविधि, २०८२

५.वाँझो जमिन खेती प्रवर्द्धन कार्यक्रम संचालन निर्देशिका, २०८२

**निर्णय नं. ५. प्रदेश समपुरक अनुदान माग सम्बन्धमा**

प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा (२) मा व्यवस्था भए वमोजिम आ.व. ०८३/०८४ को लागि तपसिल वमोजिमका

आयोजना/कार्यक्रम प्राथमिकीकरण सहित वागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं | विषय क्षेत्र | आयोजना/कार्यक्रम | कार्यान्वयन हुने स्थान | कुल लागत अनुमान |
|---|---|---|---|---|
| १ | पूर्वाधार क्षेत्र | सोल्पा भञ्याङ्ग-सिलुङ्गे-कोलवोट सडक स्तरोन्नती | फिक्कल ५ र ६ | २ करोड |
| २ | पूर्वाधार | संगमचोक खाड्साङ सडक स्तरोन्नती | फिक्कल ४ | २ करोड |
| ३ | पूर्वाधार | चनौटे खेल मैदान निर्माण | फिक्कल ३ | २ करोड |

**निर्णय नं. ६. प्रदेश विशेष अनुदान माग सम्बन्धमा**

प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा (२) मा व्यवस्था भए बमोजिम आ.व. ०८३/०८४ को लागि तपसिल बमोजिमका आयोजना/कार्यक्रम प्राथमिकीकरण वागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं | विषय क्षेत्र | आयोजना/कार्यक्रम | कार्यान्वयन हुने स्थान | कुल लागत अनुमान |
|---|---|---|---|---|
| १ | सामाजिक विकास | पूर्ण सरसफाईयुक्त पालिका निर्माण | फिक्कल गाउँपालिका | १ करोड |
| २ | पूर्वाधार | गैरी सिँचाई कुलो निर्माण | फिक्कल ६ | १ करोड |
| ३ | खानेपानी | वाक्सु खोला चिउरीखानी बरमथुम्की खानेपानी | फिक्कल २ | १ करोड |

**निर्णय नं. ७. प्रशासकीय भवनको नाला मर्मत खर्च धरौटीबाट भुक्तानी गर्ने:**

गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि श्री धुलिखेल निर्माण सेवा प्रा. लि. वानेश्वर-१०, काठमाण्डौ सँग रु. ५,८९,५०,४९१.६१ (अक्षेरुपी पाच करोड उनन्नब्बे लाख

Scanned with CamScanner

पचास हजार चार सय एकानव्वे रुपैया एकसट्ठी पैसा मात्र मू. अ. कर र पि. एस. सहित) मा शुरु सम्झौता भई म्याद थप समेतको समय भित्र निर्माण कार्य सम्पन्न गरी मिति २०८१/०९/१२ गते कार्य स्वीकार गरी अन्तिम भुक्तानी भएको । सार्वजनिक खरिद ऐन, नियमावली र GCC ४२.१ बमोजिम निर्माण सम्पन्न भएको मिति देखि १२ महिना सम्म त्रुटी सच्याउने कार्य निर्माण व्यवसायीको भएको हुँदा मिति २०८२/०७/१८ गते drain माथी बनाईएको फलामे drain cover को Welding खुस्किएको मर्मत गर्नुहुन भनि कार्यालयबाट लेखिएकोमा समय भित्र मर्मत नगरेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) बमोजिम सार्वजनिक निकायले रिटेन्सन मनी वा जमानत बापतको रकम प्रयोग गरी त्रुटी सच्याउन सकिने व्यवस्था भएकोले सोही अनुसार लागत अनुमान तयार गरी श्री फिक्कल माहाकाली ग्रिल वर्कसप, खाङसाङबाट drain cover निर्माण गरिएकोले प्राबिधिक मुल्यांकन बमोजिम रु. १६१३९२.४८।- रकम बराबरको धरौटीबाट कट्टा गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८. प्रशासकीय भवनको गेट निर्माणको भुक्तानी गर्ने सम्बन्धमा**

गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न २०८१/९/१२ गते निर्माण सम्पन्न भई कार्य स्वीकार भएकोमा बाहिरी गेटमा दुई वटा पिलर मात्र निर्माण भएको र उक्त गेट पूरा गर्न निर्माण कार्य भएको प्राविधिक मूल्याङ्कन बमोजिम रु. १३६३९१.१४ बराबरको रकम समपुरक कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रशासकीय भवनको कम्पाउण्ड वाल र घेराबेराको गेट भन्दा पूर्वपट्टी गार्ड हाउस तर्फको कम्पाउण्ड वाल र घेरावेरा सडकबाट होचो भएकोले सोलाई अग्ल्याउनु पर्ने हुँदा प्राविधिक ईस्टिमेट अनुसार रु. २ लाख बराबरको ल.ई स्वीकृत गरी समपुरक कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९. गाउँपालिकाको प्रशासकीय भवनमा आवास तल्लामा स्टिल गेटको भुक्तानी गर्नेः**
प्रशासकीय भवनको तेस्रोत तल्लामा आवास रहेकोले उक्त तल्लामा स्टेनलेस स्टिल गेट निर्माण गर्दा लागत रु.२२१७७।- रकम कन्टिन्जेन्सीबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०.नवनिर्मित प्रशासकीय भवनबाट सेवा सुचारु सम्बन्धमाः**

Scanned with CamScanner

नवनिर्मित प्रशासकीय भवनबाट मिति २०८२/१०/२८ गतेबाट सेवा सुचारु गर्ने, तपसिल बमोजिम क्रियाकलाप गर्नेः

तपसिलः

- जग्गादाताको नामावली ताम्रपत्रमा अभिलेखीकरण गर्ने
- मा. गणेश कुमार पहाडी र निवर्तमान अध्यक्ष धन बहादुर कार्की र उपाध्यक्ष पार्वती सुनुवारको नाम राखी सिलान्यास मिति र अध्यक्ष पार्वती सुनुवार र उपाध्यक्ष राजु बरालबाट सँयुक्त उद्‌घाटन गर्ने ।

**निर्णय नं. ११: शिखर ढकाल स्मृति यु १६ राष्ट्रिय रग्वी टि वान पुरुष तथा महिला प्रतियोगिता-२०२६ संचालन खर्च व्यवस्थापन सम्बन्धमाः**

फिक्कल गाउँपालिकाको रग्वी खेलाडी फिक्कल गाउँपालिका वडा नं. ४ खाङसाङवेशी निवासी श्री शिखर ढकालको मिति २०८२ साल असोज मा असामयि निधन भएको प्रति श्रद्धान्जली व्यक्त गर्दै निजको सम्झनामा "शिखर ढकाल स्मृति यु १६ राष्ट्रिय रग्वी टि वान पुरुष तथा महिला प्रतियोगिता-२०२६" मिति २०८२ साल फागुन ३ र ४ गते सुनकोशी मा.वि. को प्राङ्गणमा आयोजना गर्ने साथै उक्त खेलकुद प्रतियोगिताको लागि लागत अनुमान रु. ७ लाख बराबरको रकम (खर्च शीर्षक नं. २२५२९ विभिन्न कार्यक्रम व्यवस्थापन दिवस पर्व मेला खेलकुद कार्यक्रमहरु संचालन तथा व्यवस्थापन) बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १२. अध्यक्ष कप प्रतियोगिता २०८२ को भुक्तानी सम्बन्धमाः**

मिति २०८२ साल असोज ३० गते देखि कार्तिक २ गते सम्म फिक्कल गाउँपालिका अध्यक्ष कपको तेस्रो संस्करण २०८२ महिला तथा पुरुष खुला फुटबल प्रतियोगिता डाँडागाउँ खेलमैदान सोल्पांठानामा सम्पन्न भएकोले उक्त खेलकुद प्रतियोगितामा जम्मा लागत खर्च रु. ९८००७४।- भएको, चालु आ.व. मा रु. ५ लाख विनियोजन भएकोमा अपुग रकम विविध कार्यक्रम खर्च/सभा समारोह तथा अतिथि सत्कार खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १३. गाउँपालिकाको ब्याकहो लोडर र ईन्धन प्रयोग गरी सडक निर्माण/मर्मत गर्ने।**

फिक्कल गाउँपालिका वडा नं. ४ स्थित कुईभिर(मध्यपहाडी लोकमार्ग देखि कुईभिर सुनकोशी फाँट सम्म) सडक पूर्वाधार निर्माण गर्न अति आवश्यक भएकोले प्राविधिक शाखाबाट स्थलगत नापजाँच गरी पेश भएको ल.ई. स्वीकृत गरी गाउँपालकाको ब्याकहो लोडर र ईन्धन प्रयोग गरी सडक निर्माण गर्ने निर्णय गरियो ।

साथै फिक्कल २ स्थित माथिल्लो गैरी सडक निर्माण, सुम्नामडाँडा सडक निर्माण, सुम्नामवेशी सडक निर्माणको लागि प्राविधिक शाखाबाट पेश भएको ल.ई. स्वीकृत गरी कार्यान्वयन गर्ने।

**निर्णय नं. १४. भू-सेवा केन्द्र संचालन सम्बन्धमाः**

भूमि प्रशासन (दोस्रो संशोधन) निर्देशिका, २०८२ बमोजिम फिक्कल गाउँपालिकाको सबै वडाहरुमा सेवा उपलब्ध गराउन गाउँपालिकाको कर्मचारी सर्वेक्षक श्री विनोद बराललाई जिम्मेवारी दिई भू-सेवा केद्र संचालन गर्ने, सोका लागि आवश्यक प्राविधिक सहयोग सहित अनुमतिको लागि मालपोत कार्यालय सिन्धुलीमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५. अकबरे खुर्सानी प्रवर्द्धन कार्यक्रम सम्बन्धमा**

यस आ.व.२०८२/८३ का लागि कृषि तथा पशुपन्छी विकासतर्फ रहेको अकबरे खुर्सानी प्रवर्द्धन कार्यक्रम कृषकहरूलाई अकबरे खुर्सानी खेती प्रबिधि सम्वन्धी अभिमूखीकरण तालिम, प्राविधिकलाई क्षमता अभिवृद्धि तालिम, कृषकहरूलाई स्थलगत नर्सरी संम्बन्धी प्रयोगात्मक तालिम, अकबरे खुर्सानीको बिउविजन र अन्य सामग्री निःशुल्क वितरण क्रियाकलाप संचालन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६. कफी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धमा।**

यस आ.व. २०८२/८३ का लागि कृषि तथा पशुपन्छी विकास तर्फ रहेको कफी खेती प्रवर्द्धन कार्यक्रमका लागि कृषक, कृषक समूह, कृषि सहकारी, कृषि उद्यमी, कृषि फर्मका लागि २१ दिने प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्ने, कार्यालयमा पेश भएका प्रस्तावहरू छनौट गरी, छनौटमा परेका लाभग्राहीसँग सम्झौता गरी, कफी खेती प्रवर्द्धनका लागि आवश्यक पर्ने बेर्ना तथा सामग्रीहरू निःशुल्क रुपमा गाउँपालिकाद्वारा खरिद गरी वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं. १७. सीपमूलक तालिम लागत साझेदारी संचालन सम्बन्धमाः**

Scanned with CamScanner

चालु आ.व. मा वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश प्राविधिक तथा शिक्षा तथा व्यावसायिक तालिम परिषद् हेटौडा र फिक्कल गाउँपालिकाको मिति २०८२/१०/११ मा भएको सम्झौता अनुसार कुल लागत रु. ५७३९३१।- मा संचालन हुने विद्युत जडान तालिम कार्यक्रममा गाउँपालिकाले साझेदारी गर्नुपर्ने रु. २ लाख ३० हजार संघ संस्थासँगको साझेदारी कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८. जिन्सी सामग्री हस्तान्तरण सम्बन्धमाः**

मिति २०८२ भदौ २३ र २४ गते भएको जेन्जी समूहको आन्दोंलनको क्रममा क्षति कार्यालयमा क्षति भएकोले सहयोगको लागि अनुरोध भई आएकोले तपसिल बमोजिम कार्यालयहरुलाई सामग्री खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| | सिन्धुली जिल्ला अदालत | जि.प्र.का. सिन्धुली | स्वास्थ्य बिमा कार्यालय सिन्धुली |
| डस्कटप कम्प्युटर | १ थान | १ थान | |
| प्रिन्टर क्यानन (३०६०) | १ थान | १ थान | |
| स्टिल दराज | | १ थान | |
| कम्प्युटर टेवल | | | १ थान |
| रिभल्भिङ चियर | | | २. थान |
| न्याक स्टिल | | | २ थान |
| डोरम्याट . | | | ५ थान |

साथै, माध्यमिक र आधारभूत विद्यालयहरुमा पोषण कर्नरको स्थापना कार्यक्रमबाट खरिद भएको पोषण कर्नर तपसिल बमोजिम विद्यालयलाई हस्तान्तरण गर्ने:

१. श्री मा.वि महादेवडाडा

२. श्री मा.वि काउलेडाडा

३. श्री जनजागृती मा.वि ढोडेनी

४. श्री मा.वि सुम्नाम सुन्तले चण्डीभञ्ज्याङ

५. श्री मा.वि लुम्ती

६. श्री मा.वि रातमाटा खोलागाउँ

७. श्री प्रकाशोदयम मा.वि खोलागाउँ खुरहरी

Scanned with CamScanner

८. श्री चण्डीका मा.वि चनौटे

९. श्री सुनकोशी मा.वि खाडसाङ

१०.श्री माहाकाली मा.वि पोटी खाडसाङ भन्ज्याङ

११. श्री फिक्कल मा.वि सोल्पाठाना

१२. श्री मा.वि सालुके

१३. श्री रत्नगंगा मा.वि सोखुडिहीटार

१४. श्री जनकल्याण नि.मा.वि नँयागाउँ

१५. श्री आधारभूत वि बाह्रविसे ठूलढुङगा

१६. श्री आधारभूत वि देउकीडाडा

१७. श्री प्रा.वि पौती

१८. श्री जनता आधारभूत वि भिरगाउँ

१९. श्री लोकप्रकाश आधारभूत वि ठुलीवन

२०. फिक्क्ल गाउँपालिकाको कार्यालय खाङसाङ

निर्णय नं. १९. लाभग्राही छनौट सम्वन्धमा ।

खरकोछाना मुक्त वागमती प्रदेश कार्यक्रम अन्तर्गत खरकोछाना मुक्त वागमती प्रदेश कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा ५(२) बमोजिम तपसिलमा उल्लेखित विवरण भएका प्राविधिक रुपमा छनौट भएका लाभग्राहीहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | लाभग्रहीको नाम | ठेगाना | बाबु वा पति | ना.प्र. नं |
|---|---|---|---|---|
| १ | धन सिं तामाङ्ग | फिक्कल २ पोखरी | | |

| | | | | |
|---|---|---|---|---|
| ३. | तेजकृष्ण थापलिया | फिक्कल २ पोखरी | . | |

**निर्णय नं.२०. आर्थिक सहायता सम्बन्धमा:**

| पीडितको नाम | ठेगाना | कारण | रकम |
|---|---|---|---|
| हेम कुमारी सुनुवार | फिक्कल १ | क्यान्सर | २०००० |
| उर्मिला पहाडी | फिक्कल २ | मुटु रोग | २०००० |
| कमला कट्टेल | फिक्कल ३ | आँखाको क्यान्सर | २०००० |
| रुन्च वहादुर सार्की | फिक्कल १ | क्यान्सर | २०००० |

**साथै तपसिल बमोजिम शैक्षिक आर्थिक सहयोग गर्ने:**

- फिक्कल गाउँपालिका वडा नं. २ निवासी भूमिका फुयाँल- २५०००
- फिक्कल गाउँपालिका वडा नं. ४ बस्ने विनोद भुजेल-२५०००
- फिक्कल गाउँपालिका वडा नं. ६ बस्ने पूर्णामाया राई-५००००

**निर्णय नं. २१. झगरे लिफ्ट सिँचाई तथा नदि नियन्त्रण आयोजनाको अन्तिम बिल सम्बन्धमा**

आ.व. ०८१/०८२ को स्वीकृत कार्यक्रम वागमती प्रदेश सरकार समपुरक अनुदान तर्फको "झगरे लिफ्ट सिंचाई तथा नदि नियन्त्रण" कार्यक्रम अन्तर्गत रु. २ करोड विनियोजन भएकोमा बोलपत्र मार्फत मिति २०८१/८/२४ गते रु. १ करोड २८ लाख १२ हजार २ सय ७६ दशमलव ५२(भ्याट सहित) श्री हिमानी काव्य कन्स्ट्रक्सन सेवा प्रा.लि, कमलामाई सिन्धुलीसँग मिति २०८२/३/१६ सम्म सम्पन्न गर्ने गरी सम्झौता गरी कायदिश दिएको। सम्झौता अवधि भित्र कार्य गरेको परिमाणको आधारमा प्राविधिक नाप जाँच अनुसार रु. ६९४९९४६.८१।-(भ्याट सहित) भुक्तानी गरिएको, सम्झौताको GCC ७२.१ र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (२) (क) बमोजिम खरिद सम्झौता अन्त्य गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ को उपनियम (१) बमोजिम कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने मिति २०८२/८/२१ गतेको कार्यपालिकाबाट निर्णय भएकोमा मिति २०८२/१०/८ गते कार्यालयवाट निर्माण स्थलको स्थलगत निरीक्षण गरी नापजाँच गरी रू. ८००६५०४.७६।-(भ्याट र पि.एस. सहित) प्राविधिक बिल तयार भएको र प्रथम रनिङ विल मार्फत् रू.६९४९९४६.८१।--(भ्याट र पि.एस. सहित) भुक्तानी भएको कटाई बाँकी रू. २१०५६५५७.९५।-(भ्याट र पि.एस. सहित) भुक्तानी गर्नुपर्ने रकम पेश्की रू. २४ लाखमा प्रथम रनिङ विल भुक्तानी गर्दा रू. ११ लाख पेश्की

फस्यौंट गरिएकोमा बाँकी १३ लाख पेश्कीमा अन्तिम बिल मार्फत् ९५९०००।- र बाँकी पेश्की रकम रु. ३४१०००।- अन्तिम बिल सहित ५% ले हुन आउने धरौटी रु. ३४७९५०.५९।- बाट कट्टा गर्ने गरी पेश भएको भेरिएशन सहितको अन्तिम बिल स्वीकृत गरी सोही अनुसार रकम कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२. वडा कार्यालय मर्मतमा थप स्रोत सुनिश्चित गर्ने सम्बन्धमा**

चालु आ.व.०८१/०८३ मा १ नं. वडा कार्यालय मर्मतको लागि रू. १० लाख बजेट विनियोजन भएकोमा वडा कार्यालयको माथिल्लो तल्ला र छतमा प्यारापिट वाल लगाई पूर्ण रुपले सम्पन्न गर्न र वडा कार्यालय घेराबेरा सहित गर्न प्राविधिक शाखाबाट पेश भएको रू. १९९९२७०.१९ बराबरको ल.ई. स्वीकृत गरी सार्वजनिक खरिद ऐन, नियमावली अनुसार विद्युतीय खरिद प्रकृया अगाडी बढाउने र नपुग बजेट रू. ९९९२७०.१९ बराबरको रकम स्रोत सुनिश्चित गरी आगामी गाउँसभाबाट विनियोजनका लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३. विविध सम्बन्धमाः**

- श्री मानव सेवा आश्रम काठमाण्डौंलाई रू. १ लाख आर्थिक सहयोग प्रदान गर्ने ।
- श्री सभ्यता अन्वेषण केन्द्र, बागबजार काठमाडौंलाई "विश्वमञ्चमा नेपाल" विषयक वृत्त चित्र निर्माणको लगि रू. ८० हजार आर्थिक सहयोग प्रदान गर्ने, ।

Scanned with CamScanner